# करैयामाई गाउपालिका

# गाउ कार्यपालिकाको कार्यालय

करैया, बारा

## शिलबन्दी दरभाउपत्र आहवानको सूचना

**(प्रकाशित मिति : २०७८/०७/०७)**

यस कार्यालय अन्तर्गत तपसिल बमोजिमका निर्माण तथा सप्लाई कार्य शिलवन्दी दरभाउपत्रबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक **निर्माण कार्यको लागि निर्माण व्यवसायी तथा सप्लाई कार्यको लागि सप्लायर्सबाट** निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरू :**

१. दरभाउपत्र फाराम तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथ निर्माण व्यवसायी वा सप्लायर्सबाट चालू आ.व.को लागि नवीकरण भएको इजाजत, आ.व. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाण पत्र तथा मू.अ.क.,आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे सम्म यस कार्यालयमा दरभाउपत्र दर्ता गराउन सकिनेछ । रीतपुर्वक समय भित्र प्राप्त हुन आएको दरभाउपत्र सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्रको साथमा ठेक्काको लागि तपसीलमा उल्लेखित दरभाउपत्र जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एन.सी.सी. बैंक करैयामाई, मधुवन शाखामा रहेको धरौटी खाता नं.१३९०००००४८०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममाजारी भएको १०५ दिन म्याद भएको बैंक जमानत (बैंक ग्यारेन्टी) सक्कलै पेश गर्नु पर्ने छ ।

४. दरभाउपत्रमा दररेट उल्लेख गर्दा बील अफ क्वान्टिटीस को प्रत्येक आईटम को अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्य हुनेछ ।

५. दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवृद्धि कर वाहेकको दररेट भर्नु पर्नेछ ।

६. दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र खामको वाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र मोबाईल नम्वर, इमेल आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

७. दरभाउपत्र पेश गर्दा खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा लगतै क्रमश: कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

८. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयबाट बुझ्न सकिनेछ ।

९. अन्य शर्तहरु प्रचलित ऐन तथा नियमावली वमोजिम हुनेछ ।

**तपसिल**

**ठेक्का विवरण**

| सि.नं. | ठेक्का नं. | | कामको विवरण | ल.ई.रकम रु (मु.अ.कर बाहेक) | दर भाउपत्र जमानत रकम | दर भाउपत्र फाराम दस्तुर रु. | ठेक्काको किसिम | कार्य सप्लाई स्थल |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०२/०७८/०७९ | क | खानेपानी ट्युबवेल सामाग्री सप्लाई | ३,४६,०९०।१२ | ३५,०००।- | १०००।- | दरभाउपत्र | करैयामाई-७ |
| | | ख | ह्युमपाईप सप्लाई | ३,४८,३६७९५ | | | | करैयामाई-६ |
| | | ग | खानेपानी ट्युबवेल तथा धारा सामाग्री सप्लाई | ४,३३,२९८।१६ | | | | करैयामाई-६ |
| २ | ०३/०७८/०७९ | क | ठोरीयाही गाउँमा नयाँ खोप केन्द्रको कोठा निर्माण | २,२०,५५४।३४ | २५,०००।- | १०००।- | दरभाउपत्र | करैयामाई-५ |
| | | ख | सिहोर्वा गाउँको माझी टोलमा अधुरो भुईयास्थान निर्माण | १,७६,३२४।१२ | | | | करैयामाई-६ |
| | | ग | माटोपुरी ग्राभेल अधुरो करैया परती देखी सेढवासम्म | १,७३,५०२।८२ | | | | करैयामाई-६ |
| | | घ | कटीटोल सामुदायिक भवनको प्राडगनमा, माटो पूर्ने झ्याल ढोका रंगरोदन तथा अधुरो चर्पी निर्माण | १,४७,४७५।३२ | | | | करैयामाई-६ |

प्रमुख प्रशासकीय अधिकृत